निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ६२/०६१/८०

(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)

मितिः२०७९/५/१

विषयः-निर्णय बमोजिम गर्नु गराउनु हुन।

श्री प्रदेश निर्वाचन कार्यालय (सबै),
श्री जिल्ला निर्वाचन कार्यालय (सबै)।

उपर्युक्त सम्बन्धमा आयोगको मिति २०७९/४/३१ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

देहाय

(१) स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने यसै साथ संलग्न सूची बमोजिमका २१,२३० जना उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई उपलब्ध गराउन निर्देशन दिई निर्वाचन खर्चको विवरण सार्वजनकि गर्ने व्यहोराको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(२) प्रकरण नं. १ बमोजिम सात दिनभित्र सम्बन्धित उम्मेदवारले निर्वाचन खर्चको विवरण सावर्जनिक गरेको जानकारी प्राप्त भए पछि त्यसरी निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मिति सहितको एकीकृत विवरण तयार गरी यथाशिघ्र आयोगको इमेल ecn.ppm@election.gov.np (ecn.ppm.election@gov.np) मा पठाउन सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

(३) निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण अनुसूची ३० बमोजिमको ढाँचामा निर्वाचन


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

परिणाम घोषणा भएको तीस दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तहको निर्वाचनमा भाग लिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने १,१५,१३१ जना उम्मेदवारहरूलाई र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने ८,६५२ जना समेत कूल जम्मा १,२३,७८३ जना आयोगको वेवसाइटमा नामावली विवरण भएका उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा आफै उपस्थित भई वा आयोगको राजनीतिक दल व्यवस्थापन शाखाको इमेल (ecn.ppm.election@gov.np) मा पेश गर्न आदेश दिने,

(४) प्रकरण नं. ३ मा उल्लेखित सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(५) निर्वाचन खर्चको विवरण कानूनद्वारा तोकिएको समयमा नबुझाउने १,२३,७८३ जना उम्मेदवारहरूको नाम नामेशी सहित आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी विवरण आयोगको Website मा प्रकाशन गर्ने र सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सूचना प्रविधि शाखाले ७७ वटै जिल्लाको जिल्लागत रूपमा अलग अलग रूपमा छुट्ट्याई त्यसरी छुट्याइएको जिल्लागत नाम नामेशी सहितको विद्युतीय विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा यथाशिघ्र पठाउने,

(६) प्रकरण नं. (५) बमोजिम पठाइएको नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो कार्यालयको Website मा राखी आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको मुचुल्का खडा गर्ने र निर्वाचन कार्यालयले सूचना प्रविधि शाखाबाट प्राप्त हुने सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित स्थानीय तहमा विद्युतीय प्रति पठाई सम्बन्धित स्थानीय तहको Website मा र कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गर्न लगाई सोको रित पुर्वकको मुचुल्का निर्वाचन कार्यालयमा पठाइदिन अनुरोध गरी सम्बन्धित स्थानीय तहलाई पत्राचार गर्न सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

(७) प्रकरण नं. ६ बमोजिम निर्वाचन खर्चको विवरण तोकिएको समयमा नबुझाउने र तोकिएको समयावधि व्यतित भए पछि बुझाउने उम्मेदवारहरूको नाम नामेशी सहित स्पष्टीकरण माग गरिएको र प्रकाशन गरेको मुचुल्का स्थानीय तहबाट माग गरी सो मुचुल्का र निर्वाचन कार्यालयले विवरण प्रकाशन गर्दा तयार गरेको मुचुल्का आयोगको इमेल (ecn.ppm.election@gov.np) मा यथाशिघ्र पठाउन सम्बन्धित जिल्लाका निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

(८) प्रस्तुत निर्णयको आधारमा थप हुन जाने प्रशासनिक, प्राविधिक र व्यवस्थापकीय कार्यचापलाई दृष्टिगत गरी कार्यप्रणालीलाई सहज बनाउनका निमित्त आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गरी जिम्मेवारी तोकी


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

गोरखापत्र दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्य सम्पन्न गर्नका लागि आयोगको सचिवालयलाई निर्देशन दिने,

(९) प्रकरण नं. १. र ६. बमोजिमका उम्मेदवारहरूको विवरण तयार गर्ने कर्मचारीले दस्तखत गरी पेश गर्ने व्यवस्था गर्ने र सोको विवरण अभिलेख राख्न कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुखलाई जिम्मेवारी दिने।

२०६४।४।१९

(गुरु प्रसाद बाग्ले)
उपन्यायाधिवक्ता

**बोधार्थः**

सूचना प्रविधि शाखा,

कान्तिपथ काठमाण्डौं-तहाँ शाखासँग सम्बन्धित निर्णय व्यहोरा कार्यान्वयन हुन।

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np